गाउँपालिका उपाध्यक्ष कुश्मा चन्द ज्यूद्वरा शिवनाथ

गाउँपालिकाको तर्फबाट गाउँसभा

समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७८/०७९

शिवनाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश

नेपाल

१० असार २०७८

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

१. शिवनाथ गाउँपालिकाको यस गरीमामय नवौं सभामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभूति भईरहेको छ ।

***"नतिजामुखी प्रत्यक्ष सुशासनयुक्त शासन व्यवस्था , समृद्ध विकास र सुदृढ शिवनाथको अवस्था ।"***

२. विगतमा भएका ऐतिहासिक जनआन्दोलन एवं राजनैतिक आन्दोलनबाट संघीय लोकतान्तिक गणतन्त्र स्थापनाका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

३. विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ र बन्दा बन्दी (**Lock Down**) का कारण गत वर्ष र यो वर्ष दुईटै चरणको बन्दा बन्दीको समयमा यस शिवनाथ गाउँपालिकाले थुप्रै चुनौतिको सामना गरेको महसुस गरेकी छु । विपदको यस घडीमा आफ्नो ज्यानको बाजि थापी खटिनु भएका समपुर्ण जनप्रतिनिधि ज्यूहरु, स्वास्थ्यक्रमी ज्यू, सुरक्षाक्रमी ज्यू र सम्पूर्ण कर्मचारी ज्यूहरुको साहसिकता र कामको मुल्याङ्कन गरी उच्च सम्मान गर्दछु ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगको चेकजाचँ तथा रोकथामकालागि गाउँपालिकाको विशेष पहलमा एनटिजिन परीक्षण **PCR** परीक्षणका लागि स्वाव संकलन गर्ने कार्य स्वास्थ्यक्रमीहरुबाट समयमै गराईनुका साथै पालिका स्तरीय एम.वि.वि.एस डाक्टर र स्टाफ नर्स सहितको पाँच सैयाको कोरोना अस्थाई अस्पताल सञ्चालन कार्यमा सहयोग गर्नुहुने स्वास्थ्य कार्यालय बैतडी, जिल्ला प्रशासन कार्यालय बैतडी, जिल्ला समन्वय समिति बैतडी, प्रदेश सरकार र केन्द्र सरकार लाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छौ ।

५. कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ विश्वस्तरमै यस महामारी बिरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुबिधाहरु अप्रयाप्त देखिएका छन । यस महामारीबाट लाखौं मानिसहरुको ज्यान गईसकेको छ । अरु करोडौं सङक्रमित छन यस महामारी बाट सङक्रमित भई नेपाल बाहिर जीवन गुमाउनुहुने नेपाली अन्य मित्रराष्ट्रका नागरीकहरुमा हार्दिक श्रद्धासुमन तथा शोकाकुल परीवारजन प्रति गहिरो सम्बेदना व्यक्त गर्दछु । उपचारार्थ सम्पूर्ण दिदी बहिनी तथा दाजूभाईहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

६. शिवनाथ गाउँपालिका भित्र रहेको अति विपन्न तथा वेसाहारा नागरीकहरु र दैविय प्रकोपबाट पीडितलाई गाउँपालिका दैविय प्रकोप कोष / विपन्न नागरीक सहायता कोषबाट कार्यविधि बमोजिम आर्थिक सहायता प्रदान गरीएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

आर्थिक वर्ष २०७७/०७८ मा घोषित नीति तथा कार्यक्रमका उपलब्धी हरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहान्छु।

७. नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम प्राप्त अधिकार लाई गाउँपालिकाको कामकाज लाई नियमन र सहजता ल्याउन ४ वटा ऐन, ५ कार्यविधि र नियमावली ल्याएको जानकारी गराउदछु ।

८. गाउँपालिकाले लोक सेवा आयोग लाई माग गरे बमोजिमको स्थायी कर्मचारीहरुको परीपूर्ती हुनुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन गर्नको निमित्त प्राविधिक सहायक, मेड्पा कार्यक्रम अन्तर्गत उद्यमविकास सहजकर्ताहरु, गरीव घरधुरी पहिचानका लागि गणक र सुपरीवेक्षकहरु र पाँच सैयाको कोरोना अस्थायी अस्पताल सञ्चालन गर्नकालागि करारमा एम.वि.वि.एस डाक्टर सहित कर्मचारीहरुको पद पुर्ति भई कार्यालयको काम काजबाट जनसेवामा सहजता भएको महसुस गरीएको छ ।

९. प्रदेश पुर्वाधार विकास कार्यक्रम अन्तर्गत एम्बुलेन्स एक थान, गाउँपालिकाको वजेट बाट कुस्मौत घाट प्रहरी चौकी र सुल्लेखान प्रहरी चौकी लाई एक/एक थान मोटर साईकल खरिद गरी थप दई थान मोटरसाईकल हस्तान्तरण गरीएको हुँदा गाउँपालिकाको आन्तरीक आम्दानी बृद्धि तथा सेवामुखी र गाउँपालिकाको शान्ति शुरक्षामा थप टेवा पुगेको महसुस गरीएको छ ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट हस्तान्तरण जग्गामा निर्माणाधिन १६ कोठे गाउँपालिकाको प्रशासकीय भवन सम्पन्नहुने अन्तिम चरणमा रहेको र गाउँपालिका स्तरीय १० सैयाको सुल्लेखान अस्पताल ठेक्का पट्टा भई निर्माण कार्य अगाडी बढी रहेको व्यहोरा अवगत गराउन चाहन्छौ ।

११. गाउँपालिकाको विशेष पहलमा केन्द्रको समपूरक कोष र विशेष अनुदानमा २ वटा सडक, १ वटा खानेपानी योजना र महिला तर्फको कार्यक्रम चालू आ.व. मा समपन्न भई सकेका छन ।

१२. गाउँपालिकाको विशेष पहलमा वडा नं. ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण कार्य सम्पन्न भई सकेको छ भने वडा नं. १ मा निर्माणाधिन अवस्थामा रहेको र ५ नं. वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्नको निमित्त ठेक्का पट्टा र सम्झौता भई निर्माण कार्य सुचारु हुने क्रममा रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

१३. गाउँपालिकाको विशेष पहलमा प्रदेश सम्पुरक कोष अन्तर्गत वडा नं. १/३ र ४ मा वडा कार्यालय भवन निर्माण कार्य बन्दा बन्दिका कारण र ठेकेदारको लापरवाहीले गर्दा सम्पन्न हुन नसकेता पनि यथा सिघ्र निर्माण सम्पन्न गरीने जानकारी गराउछु ।

१४. गाउँपालिकाको साझेदारीमा संघीय सरकार र प्रदेश सरकारको आर्थिक सहयोगमा स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन गर्ने र आत्मानिर्भर बनाई उत्पादकत्वमा बृद्धि गर्ने उद्देश्यले सञ्चालन गरीएका सीपमुलक तालिमहरु हाते होजियारी, स्वीटर बुनाई, सिलाई कटाई, मोबाईल मर्मत, मोटरसाईकल मर्मत, कम्प्यूटर मर्मत, अगरवत्ती निर्माण, व्युटि पार्लर र मेड्पा बाट छनौंट भएका बिभिन्न सीपमुलक तालिम कोरोनाको कारण केहि समय अवरुद्ध भएता पनि दक्ष जनशक्ति उत्पादन गर्ने कार्य निरन्तर चलिरहेका छन ।

१५. गाउँपालिकाको विशेष पहलमा प्रदेश समपुरक कोष अन्तर्गत द्धारिका देवि ठकुरानी सडक निर्माण भई पञ्चेश्वर गाउँपालिकाको सिमाना सम्म सडक सञ्जाल जोडि सकिएको र स्तरोउन्नतीको लागि निर्माणाधिन अवस्थामा रहेको छ । प्रदेश विषेश अनुदान अन्तर्गत दन्नि देहिगडा सडक उदयदेव मन्दिर कफाडी सम्म पुगि दैनिक उपभोग्य वस्तुको आपुर्ती र यातायतामा सहजता भएको छ ।

१६. गाउँपालिकाको पहलमा संघ समपुरक योजना अन्तर्गत साउगडा बछला सडक खण्डको ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतीको कार्य समेत अगाडि बढ्नुका साथै सुल्लेखान शर्माली नङरौं घाट सडक खण्डको स्तरोन्नती भई रहेको व्यहोरा जानकारी गर्दछु ।

१७. आ.व. २०७७/०७८ को प्रधानमन्त्री रोजगार कार्यक्रम का लागि **EMIS** मा ५३७ घरधूरीका १८४५ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन ।

१८. आ.व. २०७६/०७७ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपन्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारिक समुदायिक योजना गरी गाउँपालिका भरी ४० वटा योजना सञ्चालन भई रहेका छन र उक्त योजनाहरुमा ४२३ जनालाई १०० दिन बराबरको रोजगारी उपलब्ध गराईएको छ ।

१९. बिद्यार्थी भर्ना दर बढाउन र बिद्यार्थी लाई निरन्तर विद्यालयमा उपस्थित गराउन सञ्चालन गरीएको दिवा खाजा कार्यक्रम निरन्तर रुपमा चलिरहेको छ ।

२०. गाउँपालिकाको पहलमा नेपाली सेनाको सहयोगमा ऐतिहासिक अमरगढी किल्ला पदमार्ग र गाउँपालिकाबाट भानमति धारा देखी शिवनाथ मन्दिर सम्म पदमार्ग तथा गेट निर्माण कार्य सु-सम्पन्न हुने चरणमा रहेको छ ।

२१. न्यायीक समिति मार्फत गाउँपालिका भित्र ४५ वटा मुद्दाहरु मेलमिलाप गराई किनारा लगाईएको छ।

२२. घटना दर्ता कार्यलाई Online मार्फत दर्ता गराउने कार्यकासाथै सम्पूर्ण वडाहरुका प्रशासनिक कामहरु लाई Digitalization का माध्मबाट गर्ने कुरा शुरुवात गरीएको छ ।

२३. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAAMS** को सुरुवात गरीएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

२४. आगामि ५ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिका भित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएकी छु ।

२५. नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई निक्षेपण गरेको अधिकार बमोजिम शिवनाथ गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । सो पाठ्यक्रम यसै शैक्षिक सत्र देखी लागु हुने व्यहोरा अवगत गरीन्छ ।

२६. शिवनाथ गाउँपालिकाको पहलमा गाउँपालिका केन्द्र, धार्मिक स्थल र स्थानीय बजारमा सौर्य सडक बत्ती जडान गरीएको छ ।

२७. शिवनाथ गाउँपालिका/ ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना मार्फत गाउँपालिका भरी एक घर एक धारा खानेपानी योजना अन्तर्गत खडिक कोलेउडा, जमनगडा वेल्थम मकैल, कालिधारा खानेपानी मल्लिमड, रौटेपानी खा.पा. खकलाई, टुडिगैर बकुन्ना खा.पा., बगार बहुउपयोगि, पुडील बछला खा.पा.दल्लवागडा कानली खानेपानी तथा सरसफाइ योजना अन्तर्गत जम्मा ६१७ धारा सम्पन्न अन्तिम चरणमा रहेका र ४ वटा सुविधा सम्पन्न शौचालय सम्पन्न भैसकेका छन्।

२८. शिवनाथ गाउँपालिका / ग्रामीण जलश्रोत व्यवस्थापन परीयोजना मार्फत जिविकोपार्जन कार्यक्रम अन्तर्गत पोलिहाउस निर्माण, घरबारी व्यवस्थापन तथा स्वास्थ्य सरसफाई कार्यक्रम हरु सम्पन्न गरीएका छन ।

२९. सुनौलो हजार दिने आमा र बच्चाहरुको स्वास्थ्य पोषणमा सुधार गर्न र पूर्ण सस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने आधार स्तम्भ तयार गर्न गर्भवति लाई उपाध्यक्षको कोसेली कार्यक्रम र घर घर मा झण्डा हात हात मा अण्डा कार्यक्रम सु-सम्पन्न गरीएको छ ।

३०. गर्भावस्थामा आमा र बच्चाको स्वास्थ्य अवस्थाको जानकारी पाउन पालिकाका ११ वटा स्वास्थ्य सस्था बाट घुम्ति सेवा दिईएको र शर्माली स्वास्थ्य चौकीमा उक्त ग्रामीण अल्ट्रसाउण्ड सेवा नियमित सञ्चालनमा ल्याईएको छ ।

३१. शिवनाथ गाउँपालिकाका ६ वटै वडाका बालबालिकाहरुको लागि नियमित रुपमा खोप सेवा प्रदान गर्न पालिका स्तरीय कोल्डचेनको स्थापना गरी नियमित खोपको भण्डारण गर्ने व्यवस्था सुनिश्चित गरीएको छ ।

३२. गाउँपालिका भित्ररहेका सम्पूर्ण स्वास्थ्य सस्थाहरुमा अत्यावश्यक औषधी लागाएत सामग्रीको आपूर्ती गरी सेवा प्रवाहमा सहजता ल्याईएको छ ।

३३. घटना दर्ता कार्यलाई अनलाई मार्फत दर्ता गराउने कार्यलाई निरन्तरता दिइएको छ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

३४.शिवनाथ गा.पा/ ग्रामीण जलश्रोत परीयोजना बाट संचालित योजना सेवा क्षेत्र भित्र छनौटमा परेका चाङ, जुठ्यान निर्माण , महिनावारी स्वच्छता, बानि व्यवहार परीवर्तन र जनचेतना जगाउने कार्य सम्पन्न चरणमा पुगेकाले यसै आ.व भित्रै कालिधारा खा.पा. तथा सरसफाई योजना वडा नं.६ मल्लिमड र राउटेपानी खा.पा. तथा सरसफाई योजना वडा नं.५ खकलाई लाई पूर्ण सरसफाई टोल घोषणा गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

३५. शिवपूर्ण आ.वि लामाखालि, जिम्मेश्वर आ.वि. बसेडी र खम्पाल आ.वि बगार लाई पूर्ण सरसफाई विद्यालय घोषणा(3 Star) गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

३६. प्रत्येक योजनाको सेवा छनौट भित्र घरबारी कृषक समूह गठन गरी तालिम दिइ जीविकोपार्जन क्रियाकलाप संचालनमा रहेको कुरा अवगत गराउन चाहन्छु।

३७. कृषि क्षेत्रमा गा.पा.को लगानी तथा ग्रामीण जलश्रोत व्यवस्थापन परीयोजनाको सहकार्यमा कृषि पकेट क्षेत्रबाट अर्गानीक तरकारी उत्पादनमा उल्लेख्य सुधार भई किसानको आय आर्जनमा वृद्धिहुनका साथै छिमेकी पालिकाहरूमा निर्यात समेत गरीएको कुरा अवगत गराउन चाहन्छु।

३८.किसानको आयआर्जनमा सुधार र व्यवसायीकरण गराउनको निमित्त जम्मा १९४ पोलिहाउस वितरण गरीएको छ।

३९. विद्यालय सुधार योजना एवं भौतिक पूर्वाधार निर्माण अन्तर्गत गा.पा. कै बढी बिद्यार्थी र एक मात्र प्राविधिक धार भएको श्री नागार्जुन मा.वि. शर्मालीलाई ४ कोठे भवन वितरण गरीएको र अन्य मा.वि.विद्यालयलाई ICT Lab पुस्तकालय तथा विज्ञान प्रयोगशाला वितरण गर्ने कार्य सम्पन्न भएको छ जसले गर्दा शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्ने विश्वास गर्दछु।

४०. गा.पा.को पहलमा छनौट भएका कृषि पकेट क्षेत्रमा विभिन्न किसिमका बेमौसमी तरकारी र च्याउखेती स्थानिय बजार ,गा.पा भरी र छिमेकी स्थानिय तहमा समेत बेचविखन निर्यात गरी किसानको आयआर्जनमा टेवा पुगेको छ।

४१.गा.पा. भित्र रहेका माध्यामिक विद्यालयमा शत प्रतिशत उपस्थितका साथै मर्यादित महिनाबारीलाई व्यवस्थित गर्ने उदेश्यले सेनिटरी प्याट वितरण कार्य र भ्यानडिङ मेसिनले ठूलो टेवा पुगेको आभास गरेका छौं।

४२. प्रत्येक योजनाको सेवा छनौट भित्र घरबारी कृषक समूह गठन गरी तालिम दिइ जिविकोपार्जन क्रियाकलाप तालिम दिइ जिविकोपार्जन क्रियाकलाप सञ्चालनमा रहेको कुरा अवगत गराउन चाहन्छु।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

४३. कृषि र पशुमा वडा नं। १,२ र ४ मा भैसी पालन पकेट क्षेत्र र वडा नं. ३,५र६मा कृषी पकेट क्षेत्र छनौट गरी किसानहरूको आयआर्जन बृद्धि भई जीवन सुधार हुने विश्वास अवगत गराउन चाहन्छु।

४४.गा.पा. को पहल र प्रदेश सरकारको सहयोगमा वडा नं.१मा एकल महिलाहरूको आयआर्जन वृद्धि कार्यक्रम बाख्रा पालन र वडा नं. ५र ६ मा व्यवसायिक बाख्रा पालन कृषकलाई आधुनिक तरिकाको खोर सुधार कार्यक्रम सम्पन्न भएका छन्।

४५. गाउँपालिका भरी रहेका विभिन्न विद्यालयमा रहेका निजि शिक्षक / बालविकास सहजकर्ताहरु द्वारा शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि गाउँपालिकाले सम्बन्धित विद्यालय लाई कार्यविधि अनुसार एकमुस्ट अनुदानको व्यवस्था गरिएको छ ।

४६.कक्षा ८ को परीक्षा गाउँपालिका स्तरीय गरी शैक्षिक अवस्थाको मापन गर्ने कार्य सम्पन्न गरीएको छ ।

४७. गाउँपालिकाको पहलमा कृषि पकेट क्षेत्र छनौट गरी बिभिन्न किसिमका बेमौसमी तरकारी र च्याउखेती स्थनीय बजारमा बेचबिखन गरी किसानहको आयआर्जनमा टेवा पुगेको छ ।

४८. गा.पा.को पहलमा बैकल्पिक उर्जा प्रवर्धन केन्द्र मार्फत ५ बटा आधारभूत विद्यालयमा १-१ र दुइ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा २-२ **kw** क्षमताको सौर्य उर्जा जडानको कार्य सु-समपन्न भएको छ।

४९. गा.पाको पहलमा संघ सरकारको सहयोगमा विशेष अनुदान अन्तर्गत गा.पा. कै जेठो एक मात्र प्राविधिक धार र अत्याधिक विद्यार्थी चाप भएको श्री नागार्जुन माध्यमिक विद्यालय शर्मालीमा ८ कोठे विद्यालय भवनले विद्यालयलाई केही राहत भएको महसुस गरेकी छु।

५०. सेल्या कोपरे र बगारमा यसै आ.व. मा सम्पन्न हुनुपर्ने झुलुङ्गेपुल को निर्माण कार्य निर्माण व्यवसायीको लापरवाहिका कारण सम्पन्न हुन नसकेकाले यथासिघ्र निर्माण गरिनेछ।

अव म शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्दछु।

**" कृषि, स्वास्थ्य, शिक्षा ,पर्यटन,विकासको पूर्वाधार,**
**उत्पादन, जिविकोपार्जन, शिवनाथ समृद्धिको आधार।"**

४. मुलभूत

**५१.** नेपालको संविधान २०७२ बमोजिम विद्यमान संघीय ऐन तथा कानुन, प्रदेश ऐन कानुन संग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

५२. विश्वव्यापि महामारिको रूपमा फैलिएको कोरोना रोगका कारण पीडित परीवारहरूलाई र बर्षायामको वाढी पहिरो बाट प्रभावित परीवारहरूलाई लाई उचित राहात र क्षतिपूर्तिको व्यवस्था गरीनेछ।

५३. कोरोना संक्रमितको स्वास्थ्य चेकजाचमा हप्ताको २ दिन गा.पा कोरोना अस्पतालमा एन्टिजेन्ट र पिसिआर परीक्षण गर्ने व्यवस्था मिलाईनेछ साथै वडाहरूमा जटिल अवस्था देखिएमा घुम्ति सेवा समेत संचालन गरीनेछ।

५४. पिसिआर र एन्टिजेन्ट विधिबाट परीक्षण गरी पोजेटिभ देखिएकालाई गा.पा.ले तोकेको आईसोलेसनमा वा अस्थायी कोरोना अस्पतालमा राखी थप उपचार गरीनेछ साथै थप उपचारको आवश्यकता परेमा प्रदेश र संघ सरकार संग समन्वय गरी थप उपचारको व्यवस्था गरीनेछ।

५५. नेपाल सरकार संग समन्वयगरी पुर्ण कोरोना विरुद्धको खोपको व्यवस्था मिलाईनेछ।

**क्षेत्रगत नीति तथा कार्यक्रमः**

**क) पूर्वाधार विकासः**

५६. नेपाल विद्युत प्राधिकरणबाट राष्ट्रिय प्रसारणलाईन गापाको केन्द्र सम्म पुग्ने क्रममा रहेकोले उक्त विधुतलाईनलाई सम्पुर्ण वडा भरी विस्तार गरीनेछ।

५७. प्रत्येक वडामा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न सडकहरूको डिपिआर तयार गर्ने रणनीति ल्याउनुका साथै डिपिआर गरीएका सडकलाई थप व्यवस्थित बनाउने कार्यक्रम ल्याइनेछ।

५८. गा.पा केन्द्रमा रहेको खेलमैदानलाई थप व्यवस्थित गरीनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

५९.गाउँपालिका भवन तथा निर्माणाधिन वडा कार्यालयहरू निर्माण सम्पन्न हुने चरणमा रहेको हुदा यथा सिघ्र कार्यालय संचालन गरीने व्यवस्था मिलाईनेछ।

६०.निर्माण सम्पन्न हुन बाकी रहेका वडा कार्यालय आधारभुत स्वास्थ्य केन्द्र, निर्माण व्यवसायि संघ, आवश्यक प्रक्रिय पुरागरी यथासिघ्र निर्माण गरीने व्यवस्था गरीनेछ।

६१. लघुवित्त जलविधुतको सम्भाब्यता अध्ययन भएकोले सो निर्माणका लागि आवश्यक पहल गरीनेछ।

६२. गाउँपालिका सम्म पुग्ने मुख्य सडकलाई संघ र प्रदेश संग समन्वय गरी कालो पत्रे गर्न पहल गरीनेछ।

६३. वडा कार्यालय नभएका वडा नं.२,५ र ६ का लागि वडा कार्य निर्माणका लागि पहल गरीनेछ।

६४.स्थानीय सडकहरूलाई वर्ष भरी यातायात संचालन गरीने व्यवस्था गरीनेछ।

६५. गाउघर किल्निक तथा खोप किल्निक नभएका ठाउमा आगामी आ.व.मा निर्माण गरीने नीति अपनाईने छ।

६६. शिवनाथ गा.पा/ग्रामीण जलश्रोत परीयोजनको सहकार्यमा गा.पा. भित्र सम्पन्न भएका खा.पा. योजना बहुउपयोगी योजनाहरूो तथ्याङ्क संकलन कार्य समपन्न गरी(N Wash) प्रविधि मार्फत डिजिटाईजेसन कार्य सम्पन्न गरी मर्मत सम्भार कार्य सम्पन्न गरीनेछ।

६७.भौतिक संरचना निर्माण गर्दा नक्सा पास,भुकम्प प्रतिरोधि प्रविधि अनुसार निर्माण गरीने कार्यलाई प्राथमिकता दिइनेछ।

६८.यातायात गुरू योजना निर्माण गरीनेछ।

६९.सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग/बाल मैत्रि संरचना निर्माण गरीनेछ।

७०.सडक निर्माण गर्दा बातावरण मैत्री बनाउने नीति अबलम्बन गरीनेछ।

७१. खानेपानी सरसफाई तथा स्च्छता व्यवस्थापन निर्देशिका २०७७ को परीच्छेद ३ को ७ र ८ उल्लेख भए अनुसार खानेपानी, सरसफाई तथा स्वच्छत(वास) इकाई लाई निरन्तरता दिइनेछ।

७२.एक वडा एक खेलमैदान कार्यलाई निरन्तरता दिइनेछ।

**ख) आर्थिक विकासः**

**अ) कृषिः**

७३. कृषि पकेट क्षेत्र र अन्य तरकारी उत्पादन तथा कृषि क्षेत्रमा राम्रो उत्पादन भएको शिवनाथलाई तरकारी पकेट क्षेत्र तथा अन्य कृषकको व्यवसायलाई अझै वलियो बनाई बिषादी युक्त आयातित तरकारिलाई घटाई आर्गानी तरकारी निर्यात लाई जोड दिइनेछ।

७४. वेरोजगार युवालाई व्यवसायमा जोडनको निमित्त उधम विकास कार्यक्रम (मेडपा) बाट सुरूवात तालिमहरूलाई निरन्तरता दिइनेछ। साथै व्यवसायमा जोड दिनको निमित्त संघ र प्रदेशसित सहकार्य गरी गा.पा.बाट मेचिङ बजेटको व्यवस्था मिलाईनेछ।

७५. गा.पा.बाट छनौट भएका भैसी पकेट क्षेत्र , कृषि पकेट क्षेत्रलाई अझै सशक्तिकरण गरीनेछ।

७६. गा.पा. भित्र रहेका अगुवा कृषक को पहिचान गरी पोलिहाउस वितरण कार्यलाई निरन्तरता दिइनेछ। साथै थप व्यवसायिक कृषक उत्पादनको निमित्त तालिम तथा गोष्ठी को उचित प्रबन्ध मिलाईनेछ।

७७. गा.पा. भित्र रहेका उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्न प्रत्येक ४ महिनामा गा.पा. स्तरीय छलफल आदान प्रदान कार्यक्रम तथा गा.पा. भित्र वा बाहिर कृषि भ्रमण तथा अवलोकन को व्यवस्था मिलाईनेछ।

७८. हालसालै देखापरेको अमेरिकन फौजिकिराका लागि र अन्य बिभिन्न किसिमका रोग निवारणको निमित्त किटनाशक औषधि र विषादीको उचित व्यवस्था मिलाईनेछ।

७९. केरा,आफ,लिचि,मौसमि,कागति,ओखर खेति तथा अन्य फलफुल खेति लाई व्यवसायिकरण गार्नको निमित्त उचित तालिम तथा अनुदानको व्यवस्था मिलाईनेछ।

८०. कृषि व्यवसायलाई प्रोत्साहन गर्न युवाहरूलाई अनुदानको व्यवस्था मिलाईनेछ।

८१. कृषि जन्य बस्तुहरूको उत्पादनमा जोड दिन विउविजन निशुल्क वितरण गरीने कार्यक्रमलाई निरन्तरता गरीनेछ तथा कृषि घुम्ति शिविर संचालनमा ल्याइनेछ।

८२. एक वडा एक उत्पादन कार्यक्रमलाई जोड दिइनेछ।

८३. हिउदे तथा बर्खे फलफुल विरूवा ७५% अनुदानमा वितरण गरीनेछ।

८४. तरकारी संकलन केन्द्रको स्थापना गरीनेछ।

**आ) पशु तर्फः**

८५. स्थानीय स्तरमा रहेका पशुपक्षी संरक्षण गरीनेछ।

८६. बाख्रापालन लगायत अन्य व्यवसायिक किसानलाई प्रोत्साहन गरीनेछ।

८७. पशुजन्य उत्पादनमा जोड दिदै किसानहरूलाई निशुल्क पशु स्वस्थ्य सेवा उपलव्ध गराईनेछ।

८८. पशुपक्षी पालन किसानलाई बीमा सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरीनेछन।

८९. नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रमा जोड दिइनेछ।

९०. व्यवसायीक किसानहरूमध्ये बाट उत्कृष्ट कृषक/समुहलाई पुरूषकृत गरीनेछ।

९१. मासु,अण्डा तथा दुधमा आत्मनिर्भर बनाउनकालागि बिशेष कार्यक्रम गरीनेछन्।

९२. बाख्रा पालन ,भैसिपालन, गाईपालन,विशेष प्याकेज कार्यक्रम मार्फत व्यवसायीकरणमा जोड दिइनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

९३. पशुसेवा विज्ञ केन्द्र संग समन्वय गरीनेछ।

९४. बिभिन्न प्रकारका पशुपन्छी रोगहरूको निराकरणकालागि पशु बिज्ञ केन्द्र र गाउपालिकाको सहकार्यमा खोपको व्यवस्था गरीनेछ।

९५.

९६. कुखुरा पालन, बंगुरपालन र माछापालनमा बिशेष जोड दिइनेछ।

**इ) उद्योगः**

९७. अध्यक्ष उधमसिलताका कार्यक्रम संचालनमा ल्याइनेछ।

९८. उद्योग विकास शाखाको स्थापना र यसको सवलिकरण गरीनेछ।

९९. उद्यम विकास तथा रोजगार सृजना सम्बन्धी रणनीतिक योजना तयार गरीनेछ।

१००. उद्योग क्षेत्रमा आवश्यक जनशक्ति विकास र क्षमता अभिवृद्धि गरीनेछ।

१०१. बैदेशिक रोजगारीलाई निरूत्साहित गरी महामारिका कारण रोजगारी गुमाएकाहरूलाई उनिहरूको सीपको मुल्याङ्कन गरी स्थानिय स्तरमा रोजगारी सृजना गरीनेछ।

१०२. स्थानिय स्तरमै रोजगारीका अवसरहरू सृजना गरी गाउँपालिका लाई समृद्ध बनाइनेछ।

१०३. उधम सीप विकासका लागि बिभिन्न सरकारी गैरसरकारी संस्था संगको सहकार्यमा व्यवसायीकरणमा जोड दिइनेछ।

**ई) आन्तरीक राजश्वः**

१०४. गाउपालिका भित्रका राजश्वका श्रोतहरूको पहिचानगरी आन्तरीक राजश्व वृद्धि गर्ने नीति अवलम्बन गरीनेछ।

१०५. प्राकृतिक श्रोत साधनको समुचित प्रयोग गरी अन्तरिक राजश्व वृद्धि गरीनेछ।

१०६. करदाता मैत्री बातावरण सृजना गर्न घुम्ति शिविर मार्फत आन्तरिक राजश्व संकलन गरीनेछ।

१०७. समुदायिक बनबाट उत्पानद हुने खोटोमा गाउपालिकाले रोयल्टि उठाउन विशेष पहल गरीनेछ।

१०८. गा.पा. भित्र रहेका बिभिन्न व्यवसायीहरूलाई व्यवसाय दर्ता गराउन थप प्रोत्साहन गरीनेछ।

१०९. सम्पत्तीको स्वघोषणाको नीति अवलम्वन गरी आन्तरिक राजश्व बृद्धि गर्ने नीति ल्याईनेछ।

## सभाध्यक्ष ज्यू

## सभासदस्य ज्यूहरु

### ग) सामाजिक विकास तर्फः

#### अ) शिक्षा तथा युवा खेलकुदः

११०. प्रारम्भिक बालविकास सहित आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क लाई सुनिश्चित गरीनेछ।

१११. कोभिड-१९का कारणले विद्यालय शिक्षा ,आन्तरिक मुल्याङ्कनमा समस्या परेकोले सिकाईका र मुल्याङ्कनका अन्य बैकल्पिक व्यवस्था गरी शिक्षण सिकाई र मुल्याङ्कनलाई प्रभावकारी तुल्याईनेछ।

११२. शैक्षिक गुणस्तरको मापदण्ड अनुसार शैक्षिक पुर्वाधार सहित सिकाई बातावरण सृजना गरीनेछ। यसका लागि वुक कर्नर पुस्तकालय,विज्ञान प्रयोगशाल ,आईसिटी ल्याब लगायत बालमैत्री सिकाई का लागि न्युनतम सर्त पुरा गरीनेछन्।

११३. सामुदायिक सिकाई केन्द्र लाई थप व्यवस्थित बनाईने छ।

११४. उच्च शिक्षामा सहजपहुच र सहभागिता सुनिश्चित गरीनेछ। निश्चित मापदण्डका आधारमा प्राविधिक शिक्षा अध्ययन गर्ने बिद्यार्थीलाई उचित छात्रवृतिको व्यवस्था गरीनेछ।

११५. विद्यालय नक्सांङ्कन ,विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक दरबन्दि मिलान गरीनेछ।

११६. अनुगमन तथा नियमन विषय गत सुपरीवेक्षण र पृष्टपोषणलाई प्रभावकारी एवं परीणाम मुखी बनाईनेछ।

११७. गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम (१-३) लाई यसै शैक्षिक सत्र देखी लागु गरीनेछ र माथिल्लो कक्षाहरूकालागि स्थानीय पाठ्यक्रम विकास निरन्तरता दिइनेछ।

११८. प्रत्येक विद्यालयमा शुद्ध पिउनेपानी, उपयुक्त शौचालय ,हरियालि बगैचा तथा खेलकुद कार्यक्रम सहितको व्यवस्था गरीनेछ।

११९. शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग तथा व्यवस्थापन सुचना प्रणालीको व्यवस्था गरीने छ।

१२०. बालबालिकाहरू प्रति गरीने हरेक प्रकारको श्रम शोषण लगायतका हिंसाहरू अन्त्य गरी बालविवाह को अन्त्य गर्दै शिवनाथ गा.पा.लाई पूर्ण बालमैत्री गा.पा. बनाईने नीति अवलम्बन गरीने छ।

१२१. भौतिक संरचना नभएका विद्यालयमा उपयुक्त कक्षा कोठाको व्यवस्था गरीनेछ।

१२२. शिक्षण सिकाई लाई प्रभावकारी गर्न शिक्षकहरूलाई विशेष तालिमको व्यवस्था गरीनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

१२३. आधारभुत तह (६,८) र माध्यमिक तह(९-१०)मा अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सिकाई अनुदान उपलव्ध गराईनेछ।

१२४. बालविकास सहजकर्ता, शिक्षक, विद्यालय कर्मचारिलाई गाउपालिकाको क्षमता अनुसार सेवा सुविधामा बृद्धि गरीनेछ।

**आ) स्वास्थ्य तर्फः**

१२५. करार स्वास्थ्यकर्मी भर्ना ,निरन्तरता र सेवा सुबिधा गाउपालिकाको क्षमता अनुसार सेवा सुविधामा बृद्धि गरीनेछ।

१२६. सस्थागत सुत्केरी लाई निरन्तरता दिदै घरमा हुने सुत्केरी लाई शुन्यमा झार्न आवश्यक कार्यक्रम बिस्तार गरीनेछ

१२७. स्वास्थ्य सस्थामा चौबिसै घण्टा दक्ष प्रसुतिकर्मी (SBA) लाई तयारी अवस्थामा राख्ने ब्यवस्था मिलाईनेछ

१२८. PNC Home Visit कार्यक्रमलाई तप प्रभावकारी बनाउन कार्यक्रम संचालनमा ल्याईनेछ।

१२९. गर्भवतिलाई उपाध्यक्षको कोसेलो कार्यक्रमलाई निरन्त्रता दिईनेछ

१३०. सुरक्षित प्रसुती केन्द्र र स्वास्थ्य सस्थालाई न्युनतम औजार तथा उपकरण सहितको गुणस्तरीय सेवा प्रदान गर्ने सस्था बनाउन आवश्क पहल गरीनेछ।

१३१. SBA IMPLANT IUCD तथा MA तालिमको माध्यम बाट दक्ष जनशक्ति उत्पादन गर्न र सेटलाईट क्याम्प संचालन गर्न आवश्यक बजेट बिनियोजन गरीनेछ

१३२. ग्रामीण अल्ट्रासाउन्ड घुम्ति शिबिर संचालनमा ल्याईनेछ

१३३. खोप तथा गाउँघर क्लिनिक सुदृढिकरण गरीनेछ

१३४. पुर्णखोप निरन्तरता र दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ

१३५. महिला स्वास्थ्य स्वयमसेबिकालाई प्रोत्साहन कार्यक्रम संचालन गरीनेछ ।

१३६. कुपोषित बालबालिका र जोखिम युक्त गर्भवति घरधुरी पहिचान गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१३७. पुर्ण पोषण मैत्री वडा, पालिका घोषणामा बिशेष जोड दिईनेछ।

१३८. पालिका स्तरीय Data verification / validation कार्यक्रम लाई उच्च प्राथमिकतामा राखिनेछ।

१३९. HMIS Tools तथा मासिक प्रतिवेदन, अनुगमन पुस्तिका छपाईका लागि आवश्क बजेट बिनियोजन गरीनेछ।

१४०. स्वास्थ्य सस्थामा खानेपानी ब्यवस्थापन गरीनेछ।

१४१. खोप अत्यावश्यक औषधि तथा अन्य स्वास्थ्य सामाग्रीको नियमित आपुर्ती गरीनेछ।

१४२. कोभिड १९ ब्यवस्थापन कार्यक्रमका लागि कार्यबिधि बनाई लागु गरीनेछ।

१४३. खोप अत्यावश्यक औसधि तथा अन्य स्वास्थ्य सामाग्रीको स्वास्थ्य सस्था सम्म ढुवानी तथा स्वास्थ्य कार्यालय बाट आकस्मिक ढुवानि खर्चको ब्यवस्था गरीनेछ।

१४४. पालिका स्तरीय कोभिड १९ अस्थाई अस्पतालमा मेडिकल अधिकृत सहितको सेवालाई निरन्तरता दिईनेछ।

१४५. कोभिड १९ अस्थाई अस्पतालका लागि अत्यावश्यक औषधि र उपकरणको ब्वस्था गरीनेछ।

१४६. पालिकामा प्रयोगशाला स्थापना गरीनेछ

१४७. बर्थिङसेन्टरहरु को सुदृढीकरण गरीनेछ ।

१४८. प्रत्येक वडामा खोपक्लिक गाउँघरक्लिनिकका भवनहरु निर्माण गरीनेछन।

१४९. आकस्मिक स्वास्थ्य उद्धार तथा प्रेषण कार्यक्रम संचालन गरीनेछ।

१५०. मेडिक मोबाईल कार्यक्रम सुचारु गरीनेछ।

१५१. जेष्ठनागरीक तथा अपाङ्गता भएका ब्यक्ति लक्षित स्वास्थ्य शिबिर संचालन गरीनेछ।

१५२. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक बजेट बिनियोजन गरीनेछ।

१५३. प्रतेक वडामा डाक्टर सहितको घुम्तिशिबिर सेवा सुरु गरीनेछ।

१५४. स्वास्थ्य बिमा कार्यक्रमलाई पालिका भरी लागु गर्न आवश्यक पहल गरीनेछ।

१५५. एम्बुलेन्स सेवा २४औं घण्टा उपलव्ध गराईनेछ।

**इ) रोजगार सेवा केन्द्र तर्फः**

१५६. गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई निरन्तरता दिइ थप ब्यवस्थित बनाईनेछ।

१५७. प्रधानमन्त्री रोजगार कार्यक्रममा संघिय सरकारबाट विनियोजित भएकोबजेट सत प्रतिशत श्रमिकको ज्यालमा मात्र खर्च गर्नुपर्ने भएकाले निर्माण सामग्री खरिदका लागि बजेट अपुग हुने अबस्था भएको हुँदा निर्माण सामग्री खरिदका लागि गाउँपालिकाबाट थप बजेटको व्यवस्था गरीनेछ।

१५८. रोजगार सेवा केन्द्रमा वेरोजगार व्यक्तिहरूको नामावलि अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

**ई) सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः**

१५९. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत अनिवार्य भुक्तानीको व्यवस्था मिलाईनेछ।

१६०. सामाजिक सुरक्षा भत्ता पाउने सम्पुर्ण लाभग्राही जेष्ठनागरीकहरूको सामाजिक सुरक्षा भत्ता निजहरुको नातेदार मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउपालिका र नेपाल एसविआई बैंक शिवनाथ शाखा विच विश्वसनीय वातावरण सृजना गर्ने व्यवस्था गरीनेछ।

१६१. घटना दर्ताका कार्यहरू विधुतीय माध्यम द्वारा अध्वावधिक गर्ने कार्य निरन्तर चलिरहनेछ।

१६२. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र निजहरूमाथि भएको विभेदीकरणको अन्यका लागि नीति तयार गरी बाल संजाल गठन गरीनेछ।

१६३. शिवनाथ गा.पा बाट निर्मित बालविवाह न्युनिकरण सम्बन्धि तयार गरीएको ५ बर्षे रणनीतिक योजनालाई लागु गरीनेछ।

१६४. दलित समुदायमा रहेको परमपरागत पेशा,सीप,कला र दक्षतालाई सुदृढीकरण र व्यवसायिक करण गर्ने कार्यक्रम संचालन गरीनेछन।

१६५. जोखिममा रहेका एकल महिलाहरूको पहिचान गरी वडा तह र गा.पा तह को एकल महिला संजाल गठन गरी मागको आधारमा कार्ययोजना तयार पारिनेछ।

१६६. लौङ्गिक हिंसा निवारण कोष कार्यविधि कार्यान्वयन गरी हिंसा पीडित महिलालाई राहात तथा पूर्नस्थापना गरीनेछ।

१६७. भूमिहिन विपन्न वर्ग एकल महिला मुक्त हलिया लाई सुरक्षित नागरीक कार्यक्रम लागु गरीनेछ।

१६८. लौङ्गिक हिंसा छुवाछुत,महिनावारि जस्ता कुरीतिहरू तथा कुप्रथाहरूको अन्यका लागि विशेष कार्यक्रम संचालन गरीनेछ।

१६९. गा.पा. भरी रहेका ग र घ वर्गका अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी निजहरूको अधिकार सुनिश्चित गर्न गा.पा. स्तरीय अपाङ्ग संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ।

**उ) बहुक्षेत्रीय पोषणः**

१७०. गर्भवती महिलाहरूलाई पोषण कोसेली स्वरूप पोषण खाद्य सामग्री वितरण गरीनेछ।

१७१. प्रत्येक वडामा कम्तीमा एक"पोषण नमुना टोल" यसै आ.व.मा घोषणा गर्न सबै विषयगत शाखाहरूबाट बहुक्षेत्रीय पोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गरीनेछ।

१७२. प्राथमिक विद्यालय जाने गरीब तथा अति विपन्न टुहुरा परीवारका विद्यार्थीहरूका लागि पोषण भत्ता उपलव्ध गराईनेछ।

१७३. संघीय तथा प्रदेशले गरेका पोषणका मापदण्डहरू पूरागरेका २ बटा वडालाई पोषणयुक्त वडा घोषणा गरी पुरस्कृत गरीनेछ।

१७४. ५ वर्ष मुनीका न्युन कुपोषित बालबालिकाहरूको तौल तथा बृद्धि अनुगमन गरी कुपोषणको अवस्था अनुसार परामर्श ,पोषण कोशेली तथा उपचारको व्यवस्था गरी कुपोषणको दरलाई शुन्यमा ल्याइनेछ।

१७५. महिला र बालबालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनिय भुमिका निर्वाह गर्दै आउनु भएका महिला स्वयंसेविकाहरूका लागि क्षमता विकास तथा प्रोत्साहनका लागि सम्मानका कार्यक्रम संचालन गरीनेछ।

१७६. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**ऊ) सूचना प्रविधि तर्फः**

**१७७.** शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरीनेछ।

**१७८.** सबै मा.बि.,निमावि र स्वस्थ्य चौकीमा सूचना प्रविधिका न्युनतम सामग्रीहरूको परीपुर्ति गरीनेछ।

**१७९.** गाउँपालिकामा एउटा E-Library को व्यवस्था गरीनेछ। जसबाट शिक्षण सामग्रीहरूको परीपुर्ति गरीनेछ।

**१८०.** सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्यदक्षताका लागि आवश्यकता अनुरूप तालिमको व्यवस्था मिलाईनेछ।

**१८१.** निमावि, तह देखी मावि तह सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

**१८२.** विद्यालयहरूमा कम्प्यूटर शिक्षमा जोड दिइने छ।

**१८३.** विषयगत कम्प्युटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको व्यवस्था मिलाईनेछ।

**१८४.** सुचना प्रविधिमा विशेष जोड दिइनेछ।

**घ) सस्थागत सुधार तथा शुसासन प्रवर्धनः**

१८५. विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित व्यवस्था गरीनेछ।

१८६. कर्मचारीको हकमा कार्यसम्पादन र मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्ने बातावरण सृजना गरीनेछ।

१८७. जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ। साथै आम जनतालाई स्वास्थ्य बिमा गराउन प्रेरित गराईनेछ।

१८८. कर्मचारी व्यवस्थापन एवं परीचालनमा तदारूकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिइनेछ।

१८९. गाउँपालिका, वडा कार्यालय र गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरूमा अप्टिकल फाइबर युक्त (हाई स्पिड) इन्टरनेट सेवा सुचारू गरीनेछ।

१९०. गाउपालिकाको कार्यालयमा विद्युतीय हाजिरी तथा सिसि क्यामरा जडान गरीनेछ।

१९१. गाँपालिकाको आफ्नै मोमाईल एप निर्माण गरीनेछ।

१९२. गाउँपालिका भित्र डिजिटल बडापत्र स्थापन तथा संचालनमा ल्याइनेछ।

१९३. कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरीनेछ।

१९४. स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरीनेछन।

१९५. प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरीनेछ।

१९६. अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न जोकोहि व्यक्तिलाई सम्पत्तिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।

१९७. कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।

१९८. राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य पद्धतिको विकास गरीनेछ।

१९९. सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नया जीवन दिइनेछ।

२००. कोभिड-१९ को महामारीका बेला प्रत्यक्ष रूपमा संलग्न रही कामगर्ने राष्ट्रसेवक कर्मचारीलाई उचित सेवा सुविधाको प्रवन्ध गरीनेछ।

२०१. विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरीनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

**ङ) वन वातावरण तथा विपद व्यवस्थापनः**

२०२. वातावरण संरक्षण लाई तिब्रता दिन बृक्षारोपण, सामुदायिक बन संरक्षण जस्ता रणनीति अवलम्बन गरिनेछ।

२०३. सामुदायिक बनहरूलाई संरक्षण गर्न आवश्यक पहल कदम चालिनेछ।

२०४. विपदजन्य घटनाहरूको रोकथाम तथा पूर्वतयारीका लागि आवश्यक सामग्रीहरूको आपुर्तीमा जोड दिइनेछ।

२०५. वन वातावरण वा पर्यावरणीय सन्तुलनलाई नविगार्नको लागि दिगो विकास लक्ष्यको अवधारणालाई व्यवहारमा लागू गरीनेछ।

२०६. फोहरमैला व्यवस्थापन गर्न आवश्यक रणनीति तथा क्रियाकलापहरू संचालन गरीनेछ।

२०७. पूर्ण सरसफाईको लागि नमुना टोल, बस्ति छनौट गरीनेछ।

२०८. धुवारहित गाउँपालिका बनाउने उद्देश्य लिइनेछ र नमुना टोल बस्ती र वडालाई विशेष पुरस्कार दिइनेछ।

२०९. स्रोत तथा मुहान संरक्षण कार्यलाइ प्राथमिकता दिइनेछ।

२१०. शिवनाथ गा.पा./ग्रामीण जलश्रोत परियोजानाको सहयोगमा बातावरण संरक्षण स्वास्थ्य सरसफाई तथा जिविकोपार्जन कार्यहरू संचालन गरीनेछ।

२११. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक बत्तिको थप व्यवस्था गरीनेछ।

२१२. प्राकृतिक विपत्तिबाट यस गाउँपालिका क्षेत्र भित्रका आमजनताले व्यहोर्दै आएको समस्यालाई समाधान गर्न विपद व्यवस्थापन कोष स्थापन भइ अगाडि बढेको हुदा उक्त्ता कार्यलाई निरन्तरता दिइनेछ।

२१३. बातावरण संरक्षणलाई तिब्रता दिन वृक्षारोपण , सामुदायिक बन संरक्षण जस्ता रणनीति अवलम्वन गरीनेछ।

२१४. वातावरण सरसफाइको लागि गा.पा. लाई नै पूर्ण सरसफाईका चरणहरू पुरा गरी स्वच्छ गाउँपालिकाको लागि पहल कदम चालिनेछ।

**विविध तर्फः**

२१५. परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिइनेछ।

२१६. पिछडिएको बर्गलाई मुलप्रवाहीकरणमा ल्याउन विभिन्न सशक्तिकरणका कार्यक्रमहरू ल्याइनेछन।

२१७. सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमा मेलविलाप केन्द्र खडा गरीने नीति ल्याइनेछ।

२१८. जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका, दिर्घकालीन विरामिहरूकालागि,चितुवा आक्रमण र दुर्घटना परी ज्यान गुमाउनेका लागि गरीएको विपन्न नागरीक राहतकोषलाई निरन्तरता दिइनेछ।

२१९. न्यायिक समितिको काम कार्वाहिलाई सशक्त र सुदृढ पारिनेछ।

२२०. जलबायु अनुकुलका बिभिन्न कार्यक्रमहरू सुचारू गरीनेछ।

२२१. विभिन्न रोजगारमुलक कार्यक्रमहरू संचालन गरीनेछन्।

२२२. मोवाईल संचार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसंग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाईनेछ।

२२३. स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्ने परीपाटीलाई निरूत्साहित गरीनेछ।

**बाणिज्य तर्फः**

२२४. सहकारी संस्थाहरूलाई थप व्यवस्थित तथा सुदृढीकरण गरीनेछ।

२२५. बजार अनुगमन कार्यलाई निरन्तरता दिदै उपभोक्ताहरूको हकहितहरूलाई सुनिश्चित गरीनेछ।

२२६. शिवनाथ गाउँपालिका भित्रका सम्पुर्ण व्यवसायीहरूलाई गाउँपालिकामा दर्ता गर्न एवं पान/भ्याटमा दर्ता गराई करको दायरा भित्र अनिवार्य रूपमा ल्याउने व्यवस्था गरीनेछ।

२२७. गाउँपालिकाले निर्माण गरेको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ लाई पुर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको परीधि भित्र रही आगामी आर्थीक वर्ष २०७८/७९ को सीमित स्रोत र साधनको अधिक्तम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षेपण गरीएको व्यहोरा सम्मानित गाउँसभामा पेश गर्न चाहन्छु।

| क्र.स. | श्रोत | रकम रू. |
|---|---|---|
| १ | नेपाल सरकार राजस्व वाडफाड | ६,३१,१७,०००।- |
| २ | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ८,०७,००,०००।- |
| ३ | नेपाल सरकार शसर्त अनुदान | १७,००,००,०००।- |
| ४ | नेपाल सरकार विशेष अनुदान पूजीगत | १,०८,००,०००।- |
| ५ | नेपाल सरकार समपूरक अनुदान पूजीगत | १,१७,००,०००।- |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | |
| ७ | प्रदेश सरकार विशेष अनुदान | |
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण | ५५,३८,०००।- |
| ९ | प्रदेश सरकार राजस्व बाडफाड- सवारी साधन कर | ८,७२,०००।- |
| १० | आन्तरिक आम्दानी | २५,००,०००।- |
| | जम्मा | ३४,५२,२२,७००।- |

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व.२०७८/७९को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू, नागरीक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

**धन्यबाद।**